# Student Mirror

वर्ष : १,  अंक: १  २०८० असार ५ गते

## ग्रेडेड स्कुलमा मनिटर छनोट

# विद्यालय मनिटरमा ईशान्त र कृतिश्री निर्वाचित



विराटनगर । विराटनगर-८ हाटखोलामा अवस्थित ग्रेडेड सेकेण्डरी बोर्डिङ स्कुलले निर्वाचन प्रणालीबाट विद्यार्थी मनिटर तथा भाइस-मनिटर छनोट गरेको छ। शैक्षिक सत्र २०८० का लागि स्कुलमा मनिटर तथा भाइस-मनिटर निर्वाचनबाट निर्वाचित गरेको हो।

विद्यालयको मनिटरमा छात्रतर्फ कक्षा १० का ईशान्त यादव निर्वाचित भए भने छात्राबाट स्कुल मनिटरमा कृतिश्री थापा भइन्। त्यस्तै भाइस-मनिटरमा छात्रतर्फबाट कक्षा ८ का प्रशान्त कामत र छात्रातर्फबाट रोशनी साह निर्वाचित भएका हुन्।

कक्षा ६ देखि कक्षा १० सम्मका ३ सय विद्यार्थीहरू निर्वाचनमा सहभागी भएका थिए। उनीहरूले प्रत्यक्ष रूपमा मतदान गरी मनिटर तथा भाइस-मनिटर छनोट गरेका हुन्। यसरी नयाँ शैक्षिक सत्र सुरु भएपछि मनिटर तथा भाइस-मनिटरहरू छनोट हुने गरेको छ। छनोट भएका मनिटर तथा भाइस-मनिटरहरूले कक्षाकोठा र विद्यालयमा विद्यार्थीहरूलाई अनुशासनमा राख्ने काम गर्दछन्।

## ग्रेडेड स्कुलका अभिभावकलाई अभिमुखीकरण



विराटनगर। विराटनगर-८ स्थित ग्रेडेड सेकेण्डरी बोर्डिङ स्कुलले एक दिने अभिभावक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। विराटनगरमा एक कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई अभिमुखीकरण गराएको हो।

कार्यक्रमको अध्यक्षता विद्यालय सञ्चालक समितिका अध्यक्ष केशवलाल सुवालले गरेका थिए। नेपालका प्रख्यात उत्प्रेरक जागरण बेल एकेडेमी, रिट्रिट सेन्टरका ताराजीले अभिभावकहरूलाई बालमनोविज्ञान, बालहेरचाह तथा अभिभावकहरूको भूमिकाको बारेमा जानकारी गराएका थिए।

विद्यालयले बाल विकासका विकासका लागि यस प्रकारका विभिन्न कार्यक्रमहरू गर्दै आएको विद्यालयका प्रिन्सिपल प्रेमलालसिंह सुवालले बताए।

कार्यक्रममा हिमालयन दर्शन कलेजका प्रमुख भरत सापकोटा, प्याब्सन विराटनगरका उपाध्यक्ष अर्जुन श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

## उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको वर्षा



विराटनगर। विराटनगर-८ हाटखोलामा रहेको ग्रेडेड स्कुलले २०७९ सालमा आयोजना गरेका विभिन्न क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार वितरण गरेको छ। स्कुल परिसरमा एक कार्यक्रम आयोजना गरी उत्कृष्ट हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरेको हो।

विभिन्न क्रियाकलापअन्तर्गत स्पोर्ट्स मिट, अनुशासित विद्यार्थी, उत्कृष्ट हाजिरी र उत्कृष्ट मनिटर जस्ता विभिन्न विधामा पुरस्कार वितरण गरेको हो। अनुशासित विद्यार्थीमा स्नेहा झा, उत्सव बस्नेत, मनिषा राजवंशी, सरोवर ठाकुर, प्रेम सहनी, अन्जल राजवंशी र उत्कृष्ट हाजिरीतर्फ कक्षा-१ बाट रिदेन राजवंशी, कक्षा-२ बाट प्रबिना कामत, कक्षा-३ बाट प्रतीक्षा श्रेष्ठ, कक्षा-४ बाट विराट मण्डल, कक्षा-५ बाट इलेस न्यौपाने, कक्षा-६ बाट निरञ्जन मिश्र र सागर यादव, कक्षा-७ बाट स्नेहा महाराना, कक्षा-८ बाट सिर्जना राजवंशी, कक्षा-९ बाट ईशान्त यादव र कक्षा-१० बाट स्नेहा झाले पुरस्कार प्राप्त गरेका थिए।

उक्त अवसरमा विभिन्न कक्षाका विद्यार्थीले नृत्य तथा गायन प्रस्तुत गरेका थिए। विद्यार्थीहरूको मनोबल वृद्धि गर्ने उद्देश्यले विद्यालयले विभिन्न विधामा पुरस्कार वितरण गर्दै आएको विद्यालयले जनाएको छ।

## स्कुलमा राधाकृष्ण पोसाक प्रतियोगिता



विराटनगर। विराटनगरस्थित ग्रेडेड सेकेण्डरी बोर्डिङ स्कुलले राधाकृष्ण पोसाक प्रतियोगिता आयोजनां गरेको छ। स्कुल परिसरमा एक कार्यक्रम आयोजना गरी पोसाक प्रतियोगिता आयोजना गरेको हो।

उक्त प्रतियोगितामा कक्षा नर्सरीदेखि कक्षा युकेजीसम्मका ६४ जना विद्यार्थीको सहभागिता रहेको थियो। कक्षा नर्सरीमा राधातर्फ प्रथम नातासा कटुवाल, द्वितीय दिलासा बन्जारा र तृतीय रियान्सा निरौला भइन्। सोही कक्षामा भएको कृष्णतर्फ प्रथम सलोन कार्की, द्वितीय प्रज्वल राना र तृतीय प्रज्वल राजवंशी भए।

यस्तै कक्षा जेकेजीमा राधातर्फको प्रथम प्रनवी अधिकारी, द्वितीय दिया राजवंशी र तृतीय रियान्सा निरौला भइन्। यस्तै कृष्णतर्फको प्रथम आरोग्य अधिकारी, ईशान यादव र हेनिस कटुवाल घोषित भए।

यस्तै कक्षा युकेजीमा राधातर्फको प्रथम गरिमा राजवंशी, द्वितीय निस्मा डङ्गोल र तृतीय ईशिका राजवंशी भइन्। कृष्णतर्फको प्रथम प्रज्वल सरदार, द्वितीय सामान्युदेव सिंह र तृतीय अङ्कित कामत घोषित भए।

प्रतियोगिताको निर्णायकमा नृत्य निर्देशक ओमप्रकाश बस्नेत र नेपाल कलाकार सङ्घका सदस्य कल्पना आचार्य रहेका थिए।

## विद्यालयमा विज्ञान र चित्रकला प्रदर्शनी



विराटनगर। विराटनगर-८ स्थित ग्रेडेड सेकेण्डरी बोर्डिङ स्कुलमा एक दिने विज्ञान तथा चित्रकला प्रदर्शनी आयोजना गरिएको छ। स्कुल परिसरभित्र भव्य कार्यक्रम आयोजना गरी विज्ञान र चित्रकला प्रदर्शनी गरिएको हो।

विद्यार्थीहरूमा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले एक दिने विज्ञान प्रदर्शनी आयोजना गरिएको स्कुलका प्रिन्सिपल प्रेमलालसिंह सुवालले जानकारी दिए। कक्षा ६ देखि १० कक्षासम्मका विद्यार्थीले विज्ञान र चित्रकला प्रदर्शनीमा विभिन्न वस्तु प्रदर्शनीमा राखेका थिए। विद्यार्थीहरूले स्मार्ट सिटी, वाटर फाउन्डेसन, सोलर बत्तीलगायतका एक दर्जनभन्दा बढी वस्तुहरू प्रदर्शनीमा राखेका थिए। विद्यार्थीहरूले बनाएको कलात्मक चित्रहरू पनि प्रदर्शनीमा राखिएको थियो। विद्यार्थीहरूले राष्ट्रिय जनावरदेखि, राष्ट्रिय फूलगायतका विभिन्न वस्तुहरूको चित्र बनाएर प्रदर्शनीमा राखेका थिए।

सोही अवसरमा विद्यार्थीहरूले नृत्य र गायन प्रस्तुत गरी थप रमाइलो गरेका थिए। कार्यक्रममा अभिभावकहरूको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै शिक्षा समन्वय इकाइ मोरङका उपसचिव शिवप्रसाद घिमिरले गुणस्तरीय शिक्षासँगै रोजगारमुखी शिक्षामा जोड दिनुपर्ने बताए। कार्यक्रममा विराटनगरका वडाध्यक्ष मधुबाबु तिवारी, राम पोखरेल, अभिभावक सङ्घ मोरङका अध्यक्ष खगेन्द्र भट्टराईलगायतको उपस्थिति रहेको थियो।

संरक्षक : केशवलालसिंह सुवाल⁄ प्रेमलालसिंह सुवाल
ग्रेडेड बोर्डिङ बोर्डिङ स्कूलद्वारा प्रकाशित
सम्पादक मण्डल : विपिन यादव,
जमुना अधिकारी,
प्रभात बराल, प्रेम सरदार
संयोजक : अनिल श्रेष्ठ,
फोटो : पुष्पराज थपलिया,
विद्यालय : ९८५२०३३२२६
E-mail : l

## सम्पादकीय

### Student Quality Circle (SQC) 2080

Graded student Quality Circle (SQC) २०८० छनोटका लागि ग्रेडेड स्कुलमा शैक्षिक सत्र २०८० को Student Quality Circle (SQC) मा विभिन्न विद्यार्थीहरू छनोट गरिएको छ । मतदान प्रक्रियाबाट स्कुल मनिटरमा ईशान्त यादव र कृतिश्री थापा तथा भाइस–मनिटरमा प्रशान्त कामत र रोशनी साह छनोट भएका छन् ।

त्यसैगरी हाउस मनिटरमा रातो हाउसबाट आर्यन भण्डारी र लक्ष्मी चौधरी, निलो हाउसबाट आर्यन चौधरी र सपना मेहेता, हरियो हाउसबाट सुलभ श्रेष्ठ र सिर्जना राजवंशी, पहेलो हाउसबाट रौनक कामत र एलिना राजवंशी चयन भएका छन् ।

२०८० सालमा बिहानी प्रार्थना सञ्चालन, अतिरिक्त क्रियाकलाप आयोजना, विद्यालयको अनुशासन कायम, अङ्ग्रेजी वातावरण कायम गर्नका साथै विभिन्न कार्यहरू गर्ने दायित्व क्तऋ को रहेको छ । यी र यस्ता विद्यालय र विद्यार्थीमाझ हुने विभिन्न कार्यहरूप्रति शिक्षकशिक्षिकाले विद्यार्थीहरूलाई सहजीकरण गर्नु हुने छ ।

# A book review of 'Palpasa cafe'

Palpasa café is a unique by Nepali writer Narayan Wagle.It tells the tale of an artist,Drishya throughout the peak of the Nepalese civil warfare. The novel is in part of a love tale of Drishya and the primery technology American Nepali Palpasa,who has lower back to the land of her mother and father after sep-11.

Palpasa café is a novel by Nepali author.It tells the story of an artist,Drishya.Palpasa café is originally published by great journalist and writer Narayan wagle while 2005.It was genres by Novel,Historical function.It original language is in Nepal and English.

Palpasa café begin with a prefactoru chapter in which author Wagle describes going to a meeting with the man is the focus of a novel .he has been writing;it is nearly complete and he just want one final interview with his subject,an artist named Drishya.Early on when he visited ,his childhood home.he was the inspiration for his resort.He sees that;"my village though remote ,could be part of the global village".It was a dream to look forward to as indeed is Palpasa herself,whem he realize,during his extended absence, he truly loves.

But the reality of the Nepali situation make the realization of any dreams almost hopelessly unlikely.The fact that Drishya is a flawed hero,helps too.

In the concluding chapter,'In the end',Wagle again assumes the narratorial mantle and describe having completed the novel-completing it:"based on whatever information he has been able to piece together."

In his concluding chapter ,Wagle explain ;"I haven't been able to stick to the traditional style of most novel ",but his approach workto s well.Scence that shift from sweet to tragic or tension that is left largely unresolved, impress and work very well.

Almost brusque,Palpaasa covers a great deal of ground and action.It doesn't feel over stuffed because Wagle doesn't take any clear side here,understanding how action are determined by de separate circumstances.

Drishya tries to remain a political,simply dedicated to his art but the society he moves in especially in the country side still means that even his action have effects. There was no escaping the the codition in which all Nepali;s find themselves.And ultimately,Drishya become a victim as well for no good or bad reason.

While the writing ia at times an even and the dialogue intentionally, certainly but never and hells- is some what stited,and Wagle occcasinally goes in perhaps too many different direction. On the whole Palpasa café is a very I mpressive and successful novel of(near) contemporary Nepal certain recommended as such.

Saraswti Hembram
class:8

# Sanduk Ruit

Some people in the world are able to occupy special position in the heart of all people round the globe. They are always remembered for their their great deeds and outstanding success. One of such few people is Sanduk Ruit,an eye surgeon.

Sanduk Ruit was born in September 4, 1954 to rural, illiterate parents, father Sonam Ruit and mother Kesang Ruit, in the remote mountainous village Olangchunggola in the border with Tibet in Taplejung district of northeast Nepal. It is one of the most remote regions of Nepal with no school and other facilities.

Ruit was the second of his parents' six children. He lost his three siblings, the most painful for him was his younger sister Yangla's death.

Ruit's parent sent him to the St.Robert's School in Darjeeling at the age of seven for his better education. After a few years, he returned to Nepal and continued his studyAfter a few years ,he returned to Nepal and continued his study. In 1969 Ruit Graduate from Siddartha Vanasthali School in Kathmandu, Nepal and later was further educated in India with Scholarship.After that Australiyan ophthalmologist Fred Hollows invited him and offered further study about contract surgery in Austaliya,Ruit gain further deep specialization in eye surgery.Ruit and Hollows created the small Incision contract surgery(SICS) which used intraocular lens. To gain donations to make eye surgeries more affordable and accessible in Nepal.,he established Nepal eye problem Australi,later rename the "The fred Hollows foundation".He was offered to stay and work in Ausraliya but he returned to Nepal and continued to work in Tripureshwor eye hospital. for eight years later,In 1994 Dr. Ruit founded the Tilganga eye center,now called the tilganga institute of Ophthalmologist in Kathmandu.Ruit Married to Nanda Shrestha,an ophthalmic nurse.In 1987 he has one son and two daughter.

Ruit become very popular because of his contribution in giving the sight of thousand of people, The "out of darkness" movie is based on Ruit's Life.In june 2006,he was awrded the Raman Magsaysay for International Understanding.In june 2007, Ruit was appointed an honorary officer to the order of Australiya and he was also awarded with Asian of the year 2007.In 2018, the Government of India awarded him the Padma sree and he was awarded with many other honorable prizes.

Sanduk Ruit is an amazing doctor who has devoted his life to helping the blind,He is pioneer in the field of eye surgery and has helped countless people to regain their sight.He is also known as "The God of the sight".

Roshni Shah
Class :-8

# Lesson of life

Once upon a time there lived a boy named Ram.He was the topper student in his classroom.there was another boy named shyman.he was totally addicted in smoking. One day they both met each other in chautara.

Shyam forced Ram to smoke. Ram could not say sorry to him.Because he was forcing him and blackmailing that he will share his all secrets.Listening to that he agrred to smoke.Again he forced him to smoke again he agreed.This process continued .Now, he was addicted to smoking. Then, he used more strong type of product.So he was caught by neighbors.He taken to police station after this incident.The police rescued him in one condition that "he won't do such kinds of work".His friends,family and teachers were trying to make him understand but his habit was same.Now ,his condition was too bad.By understanding him that he can't be free from this by himself.His material uncle took him to rehabilitation center.Then after few months he was totally cured.He was remembering about his past story of hospital and rehabilitation center and thanked to God that he didn't suffered from any harmful diseases.

Moral:We should not involve in bad activities and follow the bad person's suggestion.We should always say "No" to the bad person and their company.

Sarika Adhikari, Class:8

## चुट्किला

कुमार : रमेश, तिमीलाई पौडी खेल्न आउँछ ?

रमेश : अहँ आउँदैन ।

कुमार : (खिसी उडाउँदै) तिमी जत्रो त कुकुरले पनि पौडी खेल्न जान्दछ ।

रमेश : कुमार, तिमीलाई पौडी खेल्न आउँछ त ?

कुमार : (गमक्क फुल्दै) आउँछ ।

रमेश : त्यसो भए तिमी र कुकुरमा के फरक भयो त ?

ooooo

(दुईओटा लामखुट्टे कुरा गर्दै थिए)

पहिलो : ओइ, भन् त मान्छेहरू हामीभन्दा कति गुना साना हुन्छन् ?

दोस्रो : कहाँ साना हुनु नि ? लाखौं गुना ठुला हुन्छन् नि +

पहिलो : हैन, मान्छेहरू हामीभन्दा १० गुना साना हुन्छन् ।

दोस्रो : कसरी ?

पहिलो : ए मुर्ख, तिनीहरू हामीभन्दा साना नभए हामी छिर्न नसक्ने झुलमा कसरी तिनीहरू छिर्छन् त ?

**नाम : सुजाता मेहता**
**कक्षा : सात "बी"**

व्यक्ति परिचय

## आदिकवि भानुभक्त आचार्य



भानुभक्त आचार्यको जन्म बुबा धनञ्जय आचार्य र आमा धर्मावती देवीका पुत्रका रूपमा तनहुँको रम्घामा वि.सं. १८७१ असार २९ गते भएको थियो । बाजे श्रीकृष्ण आचार्यबाट शिक्षा पाएका उनले एउटा घाँसीको घाँस काटेर पाटीपौवा बनाउने इच्छाबाट केही कृति राख्ने प्रेरणा पाएका थिए भन्ने भनाइ छ ।

भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कवि हुन् । उनी वाल्मीकि रामायणका अनुवादका रूपमा प्रख्यात छन् । मोतिराम भट्टले उनलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । उनले प्रश्नोत्तर(१९१०), भक्तमाला (१९१०), बधूशिक्षा(१९१९) लगायतका कृतिहरू लेखेका छन् । उनका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकालयमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका हुन् । भानुभक्तका रचनाहरु नेपाली भाषामा अग्रणी रूपमा रहेका छन् । उनलाई आदिकविको उपाधिले सम्मान गरिएको छ । उनले आफ्नो वैयक्तिक प्रतिभाका कारणले नै रामायण लेखेका हुन् । भानुभक्तको बाल्यकालीन समयमा नेपालमा संस्कृत भाषाकै बोलबाला थियो । त्यतिबेला नेपाली भाषालाई तुच्छ भाषाका रूपमा हेर्ने गरिन्थ्यो तथापि उनले नेपाली भाषालाई नै आफ्नो शिरको ताज बनाए । त्यसपछि सबै जातजातिले समान रूपमा नेपाली भाषा पढ्ने अवसर पाए ।

यसरी निरन्तर साहित्य साधनामा लागेर आफ्नो अमूल्य जीवन बिताएका आदिकविको मृत्यु वि.सं.१९२५ साल असोज ६ गते भयो ।

**सृष्टि सोरेन र साइना रायमाझी**
**कक्षा : सात "बी"**

## ग्रेडेड स्कुलमा वक्तृत्वकला प्रतियोगिता

विराटनगर । विराटनगरस्थित ग्रेडेड सेकेण्डरी बोर्डिङ स्कुलमा शैक्षिक सत्र २०७९ को उत्तरार्द्धमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । स्कुल परिसरमा एक कार्यक्रम आयोजना गरी वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हो ।

'चुनावको महत्त्व' शीर्षकमा भएको प्रतियोगिताको प्रथम कक्षा ९ का ईशान्त यादव, द्वितीय कक्षा १० का स्नेहा झा र तृतीय कक्षा १० का देवराजनारायण महतो भएका थिए । विद्यार्थीहरूमा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले यस्तो प्रतियोगिता आयोजना गरेको स्कुलका प्रिन्सिपल प्रेमलालसिंह सुवालले जानकारी दिए । स्कुलले यसअघि पनि विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले विभिन्न क्रियाकलापहरू आयोजना गर्दै आएको उनले बताए ।

## माछो र कमिलो

कुनै देशमा एउटा यस्ता राजा थिए, जसलाई फूलहरू धेरै नै मन पर्थ्यो । त्यसैले उनले आफ्नो दरबारअगाडि पनि विभिन्न किसिमका फूलहरू रोपेका थिए । उनले रोपेका विभिन्न किसिमका फूलहरूले उनको दरबारलाई थप आकर्षक बनाएको थियो ।

एक दिन राजा भ्रमणका लागि भनेर देशबाहिर घुम्न गए । उनले विभिन्न देशहरूको भ्रमण गरे । उनले भिन्न देशमा भिन्न भिन्न किसिमका राम्रा राम्रा फूलहरू देखे । उनले ती फूलहरू आफ्नो बारीमा पनि रोप्ने विचार गरे । त्यसपछि उनले ती देशहरूबाट फूलका बिउहरू किनेर आफ्नो देश फर्किए । उनले आफ्नो बारीमा ती फूलका बिउहरू रोपे । उनले ती फूलहरूको एकदमै राम्रोसँग हेरचाह गर्दै राम्रोसँग मलजल पनि गरे । फूल उम्रिन त उम्रियों तर फुल्दै नफुली.त्यो मर्‍यो । राजालाई अति नै दु:ख लाग्यो । उनले कति दिनसम्म त खाना पनि खाएनन् ।

राजाको यस्तो स्वभाव देखेर रानी एकदमै चिन्तित भइन् । त्यसपछि उनले एउटा उपाय निकालिन् । रानीले राजालाई एउटा पानीको भाँडामा माछा देखाइन् । राजाले पनि माछालाई हेरे । त्यसपछि रानीले त्यस माछालाई भाँडाबाट बाहिर निकाल्न लगाइन् । माछो छटपटाउँदै त्यही मर्‍यो । अनि रानीले एउटा कमिलालाई पानीभित्र हाल्न लगाइन् । यी सबै कुरा राजाले पनि ध्यानपूर्वक हेरिरहेका थिए । पानीमा हाल्नासाथ कमिला आत्तियो र एकछिनपछि त्यो पनि मर्‍यो । त्यसपछि रानीले राजालाई भनिन्, 'हेर्नुस् त यी माछा र कमिलालाई, दुवैले आफ्नो प्राण त्यागिसके । माछो र कमिलो दुवैले आफू बाँच्न सक्ने वातावरण पाएनन् । माछालाई बाँच्नका लागि पानी चाहिन्छ भने कमिलालाई बाँच्नका लागि पानी त चाहिन्छ तर ऊ माछा जसरी सधैं पानीभित्र बाँच्न भने सक्दैन । माछा र कमिलालाई जस्तै तपाईंले रोप्नुभएका फूलहरूलाई पनि फुल्न सक्ने वातावरण चाहिन्छ, त्यसैले यी विदेशी फूलहरू स्वदेशमा उम्रिन सकेनन् ।

रानीको कुरा सुनेर राजा मुस्कुराउन थाले । उनले पनि फूल नउम्रिनुको कारण थाहा पाए । उनी दौडिँदै आफ्नो फूलबारीमा गएर ती फूलहरूलाई हेर्दै मुस्कुराउन थाले । राजा खुसी भएको देखेर रानी पनि खुसी भइन् ।

**बर्षिका न्यौपाने**
**कक्षा : छ "बी"**

कविता

### मेरो देश नेपाल

कति राम्रो मेरो देश नेपाल नाम भाको
चार जात छत्तिस वर्ण फूल फुलिएको
हिमाल, पहाड, तराई छ सगरमाथा शिर
कसैसामु झुक्नु हुन्न नेपाली हो वीर ॥१॥

कति राम्रो मेरो देश वेशभूषा भाको
चार जात छत्तिस वर्ण फूल फुलिएको
हिमाल, पहाड, खोलानाला, नदी, डाँडापाखा
हरियाली जङ्गल हाम्रो गाउँछे कोइली भाका ॥२॥

चार जात छत्तिस वर्ण फूल भए पनि
नेपाली हौं सबै हामी एउटै माला अनि
बलभद्र, भक्ति थापा अरू सहिद पनि
देशका लागि जन्मिएका भए सहिद अनि ॥३॥

डाँडापाखा समथर तराईको फाँट
यो देशलाई स्वर्ग बनाउन गरौं सबले आँट
वनजङ्गल हरियाली जडीबुटी धन
कर्मठ भई बाँच्छौं हामी नेपाली हो मन ॥४॥

**आष्ना पोखरेल**
**कक्षा : पाँच "बी"**

### मेरी दिदी

मेरी प्यारी दिदी
धेरै सुन्दर छौ तिमी
आमाको दोस्रो रूप हौ तिमी ॥१॥

ज्ञानको तिमी सागर हौ
गृहकार्य नआउँदा सिकाउँछौ
गल्ती गर्दा कराउँछौ
राम्रो काम सिकाउँछौ ॥२॥

ठुलालाई आदर गर्नुपर्छ
सानालाई माया गर्नुपर्छ
सधैं सकारात्मक सोच्नुपर्छ
भन्छिन् प्यारी दिदी ॥३॥

**पूजा निरौला**
**कक्षा : छ**

### गुरु

गुरु नै हो सबै वेद गुरु नै हो पुराण
गुरुलाई सम्मान गर्नु जीवनको मान ॥१॥

न त कसैलाई धनी देख्छन्
न त कसैलाई गरिब
न त कसैलाई आफ्नो भन्छन्
न त कसैलाई पराई ॥२॥

आफू जति दु:खी भए पनि
शिष्यलाई खुसी बनाउँछन्
मैनबत्ती जस्तै बलेर आफैं
ज्ञानको ज्योति फैलाउँछन् ॥३॥

आदर्श व्यवहार हुन्छ गुरुको
सागर जस्तै हुन्छ ज्ञान
कसैलाई बनाउँदछन् डाक्टर
बनाउँछन् कसैलाई महान् ॥४॥

**थनिसा पोखेल**
**कक्षा : पाँच "बी"**

### मेरो दैनिकी

म बिहान छिटो उठ्छु
हातमुख धुन्छु ।

हातमुख धोएर नास्ता खान्छु
नास्ता खाएर एकदिन पढ्छु
एकदिन पढेर खाना खान्छु
खाना खाएर स्कुल जान्छु ।

स्कुलमा गुरु-गुरुमाले भनेको कुरा मान्छु
गुरुगुरुमाले दिनुभएको कक्षाकार्य गर्छु ।

छुट्टी भएपछि घर जान्छु
घर गएर हातमुख धुन्छु
हातमुख धोएर खाजा खान्छु
खाजा खाएर गृहकार्य गर्छु ।

गृहकार्य गरेर खेल्न जान्छु
खेलेर आएर हातमुख धुन्छु
हातमुख धोएर खाना खान्छु
अनि खाना खाएर सुत्न जान्छु ॥

**यशराज सिंह**
**कक्षा : पाँच "ए"**

### जूनभन्दा सुन्दर आमा

स्वर्गभन्दा पनि महान् छिन् मेरी आमा
छोराछोरीका लागि मरी मेट्छिन् मेरी आमा ॥

घाममा पनि काम गर्छिन् मेरी आमा
हामीलाई खाना पकाउँछिन् मेरी आमा ॥

कहिले राख्छिन् ढाडमा कहिले आफ्नै काखमा
दु:ख-कष्ट गरेर राख्छिन् आफ्नै साथमा ॥

संसारमा पहिलो भगवान् तिमी नै हौ आमा
जूनभन्दा पनि सुन्दर छिन् मेरी प्यारी आमा ॥

प्यारी आमालाई जहिल्यै सम्मान गर्नुपर्छ
आमाले देखाएको बाटोमा हामीले हिँड्नुपर्छ ॥

**तिला साह**
**कक्षा : आठ**

### किताब

सधैं हामी पढ्नुपर्छ साना बाबु नानी
यही नै हो सबैभन्दा हाम्रो राम्रो बानी ॥

धेरै किताब खोजी पढौं ठुला अनि साना
सबै थरी किताबले दिने गर्छ ज्ञान ॥

सानैदेखि गर्नुपर्छ मेहेनत र श्रम
ज्ञान गुण सिक्ने काममा नपरौं है भ्रम ॥

साना साना कोपिला हौ भोलि फूल फुल्ने
त्यही फूलको सुवासमा भ्रमरा नि झुल्ने ॥

थरी थरी किताब पढदा बढ्छ हाम्रो ज्ञान
यही ज्ञानले बढाउँछ हामीहरूको सान ॥

**तेजस्वी खड्का**
**कक्षा : छ "बी"**

### मेरी आमा

आमा जस्तो जगत्मा हुँदैन कोही अरू
आमाका दु:ख सम्झेर रून्छु सधैं बरु ।

नौ महिना गर्भमा राखी जन्म दियौ आमा
सारै दु:ख खपी खपी सुख दियौ आमा ।

हामी नै हौं हजुरका दुई आँखाका नानी
मान्ने गर्छु हजुरले सिकाएका बानी ।

सकेसम्म पूरा गर्छु तिम्रा इच्छा सबै
यस्ती मेरी आमालाई बिर्सन सक्दिनँ कहिल्यै ॥

**अनुश्री विष्ट**
**कक्षा : आठ**

# वर्ष २०८० साल वैशाखदेखि असारसम्म जन्मदिन परेका विद्यार्थीहरूको नामावली



**आश्मा चौधरी**
कक्षा ४ 'क' वैशाख २४

**अबिगल राइ**
कक्षा ४ 'क' वैशाख १८

**अनुप राजवंशी**
कक्षा ४ 'क' जेठ १२

**सुशान्त खड्का**
कक्षा ४ 'क' असार ९

**दीप राजवंशी**
कक्षा ४ 'क' असार १७

**हेमन्त राजवंशी**
कक्षा ४ 'क' असार २५

**रिया भगत**
कक्षा ४ 'क' असार २८



**खुसी मेहेता**
कक्षा ४ 'ख' वैशाख ९

**अर्जुनबाबु सरदार**
कक्षा ४ 'ख' वैशाख ३१

**ओमप्रकाश सिंह**
कक्षा ४ 'ख' जेठ २

**लिजा सापकोटा**
कक्षा ४ 'ख' असार १४

**आयुष मण्डल**
कक्षा ४ 'ख' असार १४

**सिम्रन उदास**
कक्षा ५ 'क' बैशाख १

**अविधा सुवेदी**
कक्षा ५ 'क' वैशाख ४



**सिम्रन सुवेदी**
कक्षा ५ 'क' असार ४

**सुजल राउत**
कक्षा ४ 'ख' जेठ २

**विराट मण्डल**
कक्षा ५ 'क' असार २९

**संयोग राउत**
कक्षा ५ 'क' असार ३१

**साइरा रिमाल**
कक्षा ५ 'ख' जेठ ३

**आश्ना भट्टराई**
कक्षा ५ 'ख' जेठ १८

**एन्जल पोद्दार**
कक्षा ५ 'ख' असार १०



**सौगात खतिवडा**
कक्षा ६ 'क' जेठ ११

**सिर्जन श्रेष्ठ**
कक्षा ६ 'क' असार २१


**हर्षित पराजुली**
कक्षा ६ 'क' असार ३१

**रुही यादव**
कक्षा ६ 'ख' असार ११

**वंशिका राजवंशी**
कक्षा ७ 'क' वैशाख ७

**उज्ज्वल यादव**
कक्षा ७ 'क' वैशाख ११

**नीतिका यादव**
कक्षा ७ 'क' वैशाख १४



**नाम्या सिंह**
कक्षा ७ 'क' वैशाख १८

**अभिषेक साह**
कक्षा ७ 'क' जेठ ४


**आर्षिया विष्ट**
कक्षा ७ 'क' जेठ १७

**प्रश्रय विष्ट**
कक्षा ७ 'क' असार २७

**साइना रायमाझी**
कक्षा ७ 'ख' असार ४

**सृजिका खनाल**
कक्षा ७ 'ख' असार ४

**कुनाल महतो**
कक्षा ७ 'ख' असार २७



**सदिक्षा श्रेष्ठ**
कक्षा ७ "ख' असार २७

**अनमोल सिंह**
कक्षा ७ "ख' असार २८


**अमिषा अधिकारी**
कक्षा ७ 'ख' असार २९

**रौनक कामत**
कक्षा ८ 'बैशाख ४

**ऋषिका यादव**
कक्षा ८ वैशाख १४

**रिया प्रधान**
कक्षा ८ वैशाख १४

**खगेस राजवंशी**
कक्षा ८ वैशाख २३



**प्रशान्त कामत**
कक्षा ८ वैशाख २६

**श्वेता रानी साह**
कक्षा ८ जेठ २२

**प्रसन्न खड्का**
कक्षा ८ असार ३

**मनिष साह**
कक्षा ८ असार १६

**नारायणी रौनियार**
कक्षा ८ असार २९

**देवराज गिरी**
कक्षा ८ असार २९

**उत्सव बस्नेत**
कक्षा ९ जेठ २०



**मयङ्क अग्रवाल**
कक्षा १० वैशाख २०

**सक्षम मण्डल**
कक्षा १० जेठ ६

**अजित सिंह**
कक्षा १० जेठ १३

**अश्रित बस्नेत**
कक्षा १० असार २७